नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

# प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्राप्त निर्देशनहरुको पालना गर्न/गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय क्रियाशील रहिआएको छ।

गृह मन्त्रालयका अनुसार २०७८/०२/०३ गते देशभरका विभिन्न सीमा नाकाहरुबाट ३,१६१ नेपाली नागरिकहरुले नेपाल प्रवेश गरेका छन्। अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन देशभर विभिन्न १६३ स्थानमा अनुमगन गरिएको छ। कोभिड संक्रमितको उपचारार्थ डेडिकेटेड रुपमा देशभर ३८२ अस्पतालहरु रहेकोमा ४ थप भई ३८६ डेडीकेटेड अस्पतालहरु सञ्चालनमा आएका छन्। उक्त अस्पतालहरुमा १७,००० सामान्य वेडहरुको प्रबन्ध गरिएको छ। पछिल्ला दिनहरुमा देशभर सामान्य वेडहरुको संख्यामा उल्लेख्य वृद्धि भएको छ। संक्रमितहरुको विशेष उपचारको लागि २,५०० एच.डी.यू. वेड, अघिल्लो दिनको तुलनामा थप ९ सहित १,९९९ आई.सी.यू. वेड र ६०० भेन्टिलेटरको प्रबन्ध गरी उपचार भैरहेको विवरण प्राप्त भएको छ।

नेपाल प्रहरीका अनुसार स्थानीय प्रशासनले हालसम्म ८,९०९ अक्सिजन सिलिण्डर विभिन्न स्रोतबाट संकलन गरी विभिन्न अस्पताललाई ७,७२६ अक्सिजन सिलण्डर वितरण गरेको छ। निषेधाज्ञा कार्यान्वयनको सन्दर्भमा हालसम्म ७७,७७७ सवारी साधनलाई होल्डिङमा राखिएको र २१,४२१ जनालाई निशेधाज्ञा उल्लङ्घन गरेकोमा कारवाही गरिएको विवरण प्राप्त भएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार गत २४ घन्टामा उपत्यका भित्रका ९ उद्योगबाट ८,१२३ र उपत्यका बाहिरका १९ अक्सिजन उद्योगबाट ८,१९८ गरी कूल १६,३१९ सिलिण्डरमा अक्सिजन भरेर विभिन्न अस्पतालमा वितरण गरिएको छ। आज सम्म औद्योगिक तथा अन्य प्रयोजनमा रहेका थप ४,८३२ सिलिण्डरहरु सङ्कलन भै सम्बन्धित अक्सिजन उद्योगमा फिर्ता भएको अवस्था छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड सँग मिति २०७८/०२/०३ गतेसम्म खाद्यान्नको कूल मौज्दात २,७६,७४६.९४ क्वीन्टल रहेको छ। निजी क्षेत्रसँग करीब ५० हजार मेट्रिक टन चिनी मौज्दात रहनुका साथै आयात समेत नियमित भै रहेको हुँदा खाद्य आपूर्तिमा समस्या नरहेको जानकारी प्राप्त भएको छ।



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

पत्र संख्याः-
च.नं.:

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को उपचारार्थ प्रयोग हुने २२,५९,१५८ पिस मेडिकल उपकरणहरु र ५३,१२४ परिमाणमा औषधीहरु पैठारी भएको जानकारी प्राप्त भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घन्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा र लुक्ला विमानस्थलबाट १७८ यात्रुको उद्धार गरिएको र चीनबाट अक्सिजन सिलिण्डर तथा कन्सन्ट्रेटर लगायतका स्वास्थ्य सामग्री ढुवानीका लागि नेपाल वायुसेवाको नियमित उडान आज पनि रहेको जनाएको छ। त्यसैगरी, परराष्ट्र मन्त्रालयका अनुसार स्पेनको आइबेरियन एयरलाइन्सको विमानमार्फत स्पेनिस सहयोग निकायका प्रमुख सहितको टोली सहयोग सामग्री लिई २० मे, २०२१ मा काठमाडौं आउने जनाएको छ।

यस विषम परिस्थितिमा कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि अक्सिजनको सहज आपूर्ति, अस्पताल तथा शैय्याको उचित व्यवस्था एवम् स्वास्थ्य मापदण्डको पूर्ण परिपालना गर्न/गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हार्दिक अपिल गर्दछ।

२०७८/०२/०४

किरणराज शर्मा
प्रवक्ता



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेव साईट : http://www.opmcm.gov.np